नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
चौतारा नगरपालिकाको कार्यालय
चौतारा , सिन्धुपाल्चोक

भग्नाअवशेष व्यवस्थापन उपकरण (Debris Management Equipment) तथा सर्वे (नापी) सम्बन्धी उपकरण खरिद कार्यको

# शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७३/०१/२९**

यस कार्यालयमा भग्नाअवशेष सरसफाईको लागि सरसफाई व्यवस्थापन ( Debris Management Equipment) तथा सर्वे (नापी) उपकरणहरु आवश्यक भएकोले सो को खरिद कार्य सिलबन्दी दरभाउपत्र द्धारा खरिद गर्नुपर्ने भएको हुँदा नेपाल सरकार बाट इजाजत प्राप्त उत्पादक कम्पनी/अधिकृत बिक्रेता तथा सप्लायेर्स बाट निम्न शर्तहरुको अधिनमा रही रीतपुर्वक शिलबन्दी दरभाउपत्र आव्हान गरिएको व्यहोरा इच्छुक सम्बन्धित सबैलाई यो सार्वजनिक सूचना प्रकाशित गरिएकोछ ।

**शर्तहरु**

१) दरभाउपत्र फारम सुचना प्रथम पटक प्रकाशित भएकोले मितिले १५ दिन भित्र चालु आ.व. का लागि नविकरण भएको ईजाजतपत्र, आयकर र मु.अ. कर दर्ता तथा आ.व.२०७१/७२ सम्मको कर चुक्ता भएको प्रमाणपत्रका प्रमाणित प्रतिलिपिहरु संलग्न राखी लिखित निवेदनका साथ तल उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) तिरी इच्छुक दरभाउपत्र दाताले छुट्टाछुट्टै ठेक्काको लागि यस कार्यालयबाट विड डकुमेन्ट खरिद गर्न सकिनेछ ।

२) खरिद भएको दरभाउपत्र प्रथम पटक प्रकाशित मितिले १६ औं दिनको १२ बजेभित्र छुट्टाछुट्टै ठेक्काको लागि छुट्टाछुट्टै शिलबन्दी लाहाछाप गरी खाममा प्रष्ट विवरण खुलाई यस कार्यालयमा दर्ता गर्नुपर्नेछ । दर्ता भएको दरभाउपत्र सोही दिनको २:०० बजे उपस्थित दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।

३) दरभाउपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा लगतै कार्यालय खुलेको दिन सोही अनुसार हुनेछ ।

४) छुट्टाछुट्टै ठेक्काको लागि ठेक्का नं अनुसारको विवरण खुल्ने गरी दरभाउपत्र जमानत वापतको धरौटी रकम नेपाल बैंक लि.शाखा कार्यालय, चौतारा स्थित धरौटी खाता नं **ग-३-८७** मा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा जारी गरिएको कम्तिमा १२० दिन सम्म मान्य भएको विडवण्ड (BID BOND) पेश गर्नु पर्नेछ ।

५) म्याद नाघि आएको रीत नपुगेको वा शर्त राखि पेश भएकोले दरभाउपत्र मान्य हुनेछैन् ।

६) दरभाउपत्रदाताबाट दरभाउपत्रमा उल्लेखित मूल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ । सो दर रेटमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएकोमा केरमेट भएको ठाउमा सहिछाप भएको हुनुपर्नेछ ।

७) यस कार्यालयको हितलाई ध्यानमा राखि बोलपत्र स्विकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ ।

८) दरभाउपत्र स्वीकृत भएपछि कबोल ठेक्का अंकको ५ प्रतिशतले हुनआउने रकम बराबरको नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा कम्तीमा १ वर्ष म्याद भएको मान्यता प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको कार्य जमानत पत्र (परफरमेन्स वण्ड) सम्झौता गर्नु अधि पेश गर्नुपर्नेछ ।

९) दरभाउपत्र सम्बन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र फोन नं. ०११-६२०४७७ मा फोन गर्न वा कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

१०) यस सूचनामा उल्लेख नभएको अन्य विषय प्रचलित ऐन, नियमानुसार हुनेछ ।

११) सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम बोलपत्र दाखिला गर्ने तथा खोल्ने समयमा नागरिक समाज तथा संचारकर्मी समेतलाई उपस्थितिको लागि अनुरोध गरिएकोछ ।

१२) दरभाउपत्र पूर्ण वा आंशिकरुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई निहित रहने छ ।

१३) १३)अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम हुनेछ । अन्य कुराहरु वोलपत्र फाराममा उल्लेख भए वमोजिम हुनेछ ।

१४) थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ । यो सुचना www.chautaramun.gov.np मा समेत Download गरी हेर्न सकिने छ ।

| वोलपत्र नं. | आयोजनाको नाम | ल.ई. रकम (मु.अ.कर सहित) | धरौट रकम | बोलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| ०२/०७२/०७३ | सर्वे (नापी) उपकरण खरिद | ५०००००।०० | कबोल अंक को २.५ प्रतिशत | ३००/- | |
| ०३/०७२/०७३ | Debris management को लागि सुरक्षा उपकरण खरिद | ४९९६३३.०० | कबोल अंक को २.५ प्रतिशत | ३००/- | |

कार्यकारी अधिकृत
चौतारा नगरपालिका